# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

## राजदरबारको

## विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजुरमा सम्माननीय प्रधान मन्त्री श्री नगेन्द्रप्रसाद रिजाल मार्फत माननीय मन्त्री श्री होमबहादुर श्रेष्ठ, माननीय मन्त्री श्री लालबहादुर खडायत र माननीय सहायक मन्त्री श्री देवधारीप्रसाद कलवारले आ–आफ्नो पदबाट राजीनामा चढाउनुभएको हुँदा उहाँहरूले आ–आफ्नो ओहदामा रहंदा ईमानदारीपूर्वक गर्नु भएको कामको लागि धन्यवाद बक्संदै मौसूफ सरकारबाट उक्त राजीनामा स्वीकृत गरिबक्सेको छ।

साथै मिति २०३१।७।२५ मा गठन भएको मन्त्रिपरिषद्को अधिकांश सदस्यहरू अब कायम नरहेकाले नेपालको संविधानबमोजिम मौसूफ सरकारबाट सम्माननीय प्रधान मन्त्री श्री नगेन्द्रप्रसाद रिजालको सिफारिशमा निजकै अध्यक्षतामा देहायबमोजिम मन्त्रिपरिषद्को पुनर्गठन गरिबक्सेको छ।

### मन्त्रिपरिषद् गठन विधि

१. श्री नगेन्द्रप्रसाद रिजाल– प्रधान मन्त्री।
२. श्री चतुर्भुजप्रसाद सिंह– मन्त्री।
३. श्री कृष्णराज अर्याल– मन्त्री।
४. श्री जोगमेहर श्रेष्ठ– मन्त्री।
५. श्री भोजराज घिमिरे– मन्त्री।

### राज्यमन्त्री

१. श्री राधाप्रसाद घिमिरे– राज्यमन्त्री।
२. डा. श्री भेषबहादुर थापा– राज्यमन्त्री।
३. श्री गुन्जेश्वरीप्रसाद सिंह– राज्यमन्त्री।
४. श्री पीताम्बरध्वज खाती– राज्यमन्त्री।
५. श्रीमती शुशीला थापा– राज्यमन्त्री।
६. श्री बालाराम घर्तीमगर– राज्यमन्त्री।
७. श्री हरिनारायण रजौरिया– राज्यमन्त्री।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ